# गाउँपालिकाउपाध्यक्षश्री भक्त बहादुर जि.सी.ज्यूले दोश्रोगाउँसभाको पहिलो अधिवेशनमाप्रस्तुत गर्नुभएको

## आ.ब.२०७९/०८० को
## बजेटतथाकार्यक्रम

**बंगलाचुलीगाउँपालिका**

**कमिरेचौर, दाङ**

**१०असार २०७९**

**सभा अध्यक्ष ज्यू,**

**सभाका सदस्यज्यूहरु,**

नेपालको संविधान जारी भएपछि भएको स्थानीय तहको दोस्रो निर्वाचनबाट बंगलाचुलीगाउँपालिकाको यस गरिमामय गाउँ सभा गठन भएको छ ।निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण, स्वच्छ र भयरहित वातावरणमा सम्पन्न निर्वाचन मार्फत गठितयस गरिमामयदोश्रो गाउँसभाकोपहिलो वजेट अधिवेशनमा गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुसीलागेको छ ।

गत मिति २०७९ बैसाख ३० मा सम्पन्न स्थानीय तहको निर्वाचनमा हामिलाई आफ्नो अमुल्य मतदान गरि विजयी गराउनुहुने सम्पुर्ण बंगलाचुलीबासीजनसमुदाय लाई धन्यवाद दिन चाहन्छु ।

यस गौरबपूर्ण क्षणमा मसंघीय लोकतान्त्रिक गणतन्त्रका लागि भएको जनयुद्ध, राजनीतिक सङ्घर्ष र आन्दोलनमा राष्ट्र र जनताको हितका लागि आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । घाइते योद्धाहरु र वेपत्ता नागरिकहरुप्रति उच्च सम्मान प्रकट गर्दछु।

संविधान कार्यान्वयनको छोटो अवधिमा संघियताको महत्त्वपूर्ण आधारका रुपमा रहेको यस गाउँपालिकाको आधारशिला तयार भएको छ । त्यसका लागि निवर्तमान जनप्रतिनिधि र कर्मचारीहरुलाई विशेष धन्यावाद दिन चाहन्छु । विकास र सुशासनको स्पष्ट दृष्टिकोण, स्थानीय कानुनको निर्माण, गाउँपालिकाको गुरुयोजना तथा योजना तर्जुमा, जनशक्ती व्यवस्थापन, संघ र प्रदेशसँग अघि बढाइएका समन्वय र सहकार्यका प्रयासहरुले विभिन्न प्रतिकुलताका वीचमा पनि कार्यान्वयनको प्रयासमा हामीलाई अनुकुलता तर्फ अघि बढ्ने आधार प्रदान गरेको छ ।सबैको साझा प्रयासबाट नै छोटो समयमा गाउँपालिकाले महत्त्वपूर्ण उपलब्धी प्राप्त गरेको छ । यसबाट हामी सबैलाई शहिदको सपना पुरा गर्ने तर्फ थप प्रेरणा मिल्ने छ।

बंगलाचुली गाउँपालिकाको **"सबै मिलीजुली, हामी बनाउँछौं हाम्रो बंगलाचुली"** को दिर्घकालिन सोच हासिल गर्न यस गाउँपालिकाको प्रथम पञ्चवर्षिय योजनाले लिएका लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिहरु कार्यान्वयन गर्दै गरिबी निवारण र आर्थिक-सामाजिक रुपान्तरण सहितको समानुपातिक समावेशी विकास हाँसिल गर्ने दिशामा आगामी कार्यक्रमहरु केन्द्रित रहेका छन् ।

**अध्यक्षमहोदय,**

सामाजिकसांस्कृतिकएवं भौगोलिकर्बिबिधताप्राकृतिक सम्पदाहरुको प्रयाप्तता नागरीकहरुको विकासात्मक कार्यमा सक्रीय सहभागीता र संलग्नता जस्ता संम्भावनाहरू रहेको भएपनिउद्योग, व्यापार, कृषी र पर्यटनमाअपेक्षा

गरे अनुसारको विकास हुन नसक्नुआधुनिकव्यावसायिककृषि प्रणालीतर्फ अपेक्षितप्रगतीनहुनु,आन्तरिक राजश्वमा समयानुकुल सुधार गर्दै जाननसक्नु, सक्रीय जनसंख्याको वसाइसराई गरी अन्यत्र जाने प्रचलन वढेर जानु, शिक्षा स्वास्थ्य रोजगारी तथा अन्य विलासिताका वस्तु सेवा उपभोग गर्ने चाहाना वढेर जाँदा युवा जनशक्ति पलायन भएर जानु  जस्ता कारणलेविकास कार्यक्रममा अर्थपूर्णजनसहभागिता घट्न गई अपेक्षाअनुसारको उपलब्धीप्राप्त गर्नकठिनाई भैरहेको छ।

लोकतन्त्रको उच्चतमअभ्यास र लाभनजिकको सरकारबाट जनता समक्ष पुर्‍याउनस्थानीय सरकारको रूपमागाउँपालिकालाई संचालन गर्न नेपालको संबिधानको भाग १७तथा स्थानीय सरकार संचालन ऐन, २०७४बमोजिम समाबेशीविकासको सम्बोधनकालागिउपलब्धसाधनर मागकोतालमेलगरी यस अघि अवलम्वन गरीएका जनमैत्री तथा जनताका मागमा आधारीत  विकासात्मक  र सेवामुलक कार्यहरुलाई थप समसामियक परिस्कृत गरी निरन्तरता दिने र हाल  भर्खरै सम्पन्न निर्वाचनका क्रममा जनता समक्ष  गरीएका विकासात्मक तथा सेवामुलक कार्य गर्ने गरीएका वाचाहरुएव प्रतिवद्धताहरु  प्राथिमकता क्रम अनुसार पुरा गर्न यो वजेट केन्द्रित रहेकोलेसबै पक्षको परिचालनबाट योजनातर्जुमातथाकार्यान्वियनप्रभावकारी हुनगई अपेक्षितउपलब्धीमा बृद्धि हुने बिश्वास लिएको छु ।

**अध्यक्षमहोदय,**

**अब म आ.ब. २०७८/०७९ को संक्षिप्त समिक्षा प्रस्तुत गर्न गइरहेको छु ।**

आ.व.२०७८।०७९को हालसम्मगाउँपालिकाको कुलविनियोजित बजेट रू६२ करोड मध्ये ४९ करोड ९०लाख(८०%) खर्च भएको छ ।जस मध्ये पुंजीगततर्फ ७५% र चालु तर्फ ८५% खर्च भएको छ.उल्लेखितखर्चबाट सामाजिक सुरक्षा,सार्वजनिकसेवाहरूको व्यवस्थापन, सेवाप्रवाहमा टेवापुग्नुको साथैखरको छाना विस्थापन कार्यक्रमले चालु आ व मा ८५० घरधुरमा यही वर्षमा खरको छाना विस्थापन गरीएको छ । डावर र वढिपोखरा भुटनेटा आधारभूत स्वास्थ्य केन्द्र भवनमा कोठा थप गर्ने कार्य सम्पनन भएका छन । र लाहापे आ स्वा के को भवन निर्माण कार्य सम्पननको चरणमाछन । संघीय सरकारको अनुदानमा १५ शैया अस्पतालकोनयाँभवननिर्माणको कार्य सम्पन्नहुने चरणमा रहेको छ ।स्वास्थ्य सेवाहरूको व्यवस्थापन, शिक्षण सिकाई सहजीकरण भएको छ। सडक संजालको विस्तार, योजना, गुरूयोजनातथा डि.पि.आर. निर्माण, उपकरणको व्यवस्था, स्वास्थ्यकर्मी तथाशिक्षकहरूको व्यवस्था, लक्षित समुदायको नेतृत्वविकास, आयतथासिप वृद्धि लगायत देखिनेगरी भौतिकतथा सामाजिकउपलब्धीहरू हासिलभएका छन् ।कोरोना माहामारीकोनियन्त्रणको लागि विभिन्न् उमेर समुहका नागरीकलाई नेपाल सरकारको प्रोटोकल अनुसार ६९ प्रतिशत जनतालाई खोप लगाउने कार्यलाई प्रभावकारी रुपमा अगाडी वढाइएको छ । प्रदेश सरकारको समेत सहयोग र गाउँपालिकाको योगदानमा सवै सवै वडा कार्यालयमा १।१ जना कृषि पशु सेवा प्राविधक व्यवस्था गरी सेवा प्रवाह गर्ने व्यवस्था गरीएको छ ६ वटा सामुदायिक विद्यालयहरुको भवन निर्माण गर्न वहुवर्षिय रुपमा ठेक्का लगाई निर्माण कार्यमा तिव्रता दिइएको छ । व्यक्तिगत घटना दर्तालाई थप व्यवस्थित गर्न३४ दिने व्यक्तिगत घटना दर्ता शिविर सम्पन्न भएको छ। लघु उद्मम विकास कार्यक्रमवाट ८५ जना नयाँ उद्ममी सृजना भएका र ४० जनालाइ स्तरोन्नती तथा प्रविधि हस्तानतरण गरीएको छ। लक्षित वर्ग खासगरी महिलाहरुलाई कटाई सिलाइ होजीयारी जस्ता शीप विकास तालिम दिइएको छ। कृषि विकासमा विभिन्न् स्थलगत तालिम किट विउ मल वितरण पशु स्वास्थय जाँच सम्वनधी ३ स्थानमा शिविर सम्पन्न भएका छन । सिचाई कुलो पोखरी निर्माण कार्य सम्पनन भएका छन । मर्मत सम्भार तथा विपद व्यवस्थापन कोषवाट विभिन्न समयमा आउने प्रकोपले अवरुद्ध पूर्वाधार संरचनाहरु मर्मत गरी सुचारु गरीएका छन । शिक्षा क्षेत्र सुधार गर्न सुधा मा वि झेल्नेटाको जग्गज अधिग्रहनको कार्य अन्तित चरणमा पुगेको छ । मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम र प्रधानमन्त्री रोजगार कार्यक्रमका पूर्वाधार संरचनाहरु निर्माण सम्पन्न् हुने चरणमा छन् तथापीजनशक्तीको क्षमताविकास गर्न नसकिनु,

निकायगत समन्वयको अभावहुनुको कारणले योजना तथा कार्यक्रमहरु कार्यन्वयनमा केही समस्या देखीएको भएतापनिसंघीयता आफैमा नौलो अभ्यासतथासबै जनमानसमानयाँ परिपाटीको अभ्यासमाजानअझै समय लाग्ने भएतापनिपुँजीगतखर्च तर्फउल्लेख्य प्रगतीभएको छ ।अपेक्षितगुणस्तर कायम गर्नु आजको चुनौतीको रूपमा रहेको छ।

**अध्यक्षमहोदय,**

म आर्थिक बर्ष २०७९/०८०माविभिन्न सरोकारवालाहरू पक्षहरूबाट प्राप्त रायसुझाब, वडाहरूबाट प्राप्तमाग,उल्लिखित समिक्षा र आ.व.२०७९।०८० को स्वीकृतवार्षिकनीतितथाकार्यक्रमकाआधारमा बजेटका उद्देश्य तथाप्राथमिकताहरू प्रस्तुत गर्न गईरहेको छु।

## बजेटका उद्देश्यहरू :-

- संविधानवमोजिम स्थानीयतहलाई सरकारको रूपमा स्थापित गर्नु,
- शिक्षा, स्वास्थ्यतथाअन्य सार्वजनिक सेवाहरूको प्रभावकारी व्यवस्थापन गर्नु,
- खानेपानी तथा सरसफाई सम्वन्धी पूर्वाधार संरचना निर्माण र उपयोग गर्नु
- सुरक्षितआवास सहितविपद् व्यवस्थापनतथामानबअधिकारको रक्षा गर्नु,
- कृषिमाव्यवसायिकरण तथाआधुनिकिकरण गरी रोजगारीको सृजनामार्फत उद्यमशिलता र आत्मनिर्भरताको विकास गर्नु,
- पूर्वाधारहरूको विकास र विस्तार गर्दै गुणस्तरीयताकायम गर्नु,
- समावेशीविकासको अवधारणा मार्फत सामाजिक रूपान्तरण र समृद्धि कायम गर्नु ।
- सिपयुक्तजनशक्तीउत्पादन गरी मानवजिवनलाई सरल सहजबनाई उत्पादन वृद्धि गर्नु

## बजेटका प्राथमिकताहरू :-

- शिक्षा
- पूर्वाधार विकास
- स्वास्थ्य
- लैङ्गिक समानता तथा सामाजिक सशक्तिकरण
- वातावरण तथा विपद् व्यवस्थापन
- संस्थागत विकास तथा सुशासन
- आर्थिक विकास

## अध्यक्षमहोदय,

उल्लेखित उद्देश्य तथाप्राथमिकताकाआधारमा यस बंगलाचुलीगाउँपालिकाको आ.व.२०७९।०८०को बजेटतथाकार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

"सबै मिलीजुली, हामी बनाउँछौं हाम्रो बंगलाचुली"

विकासको साधन र साध्यमानिस हो ।बंगलाचुलीबासीको सर्वाङ्गिणविकासकालागिशिक्षामा रू २० करोड६५लाख (३२प्रतिशत) र स्वास्थ्यमा रू१० करोड१७ लाख (१७प्रतिशत) गरीजम्मा रू३० करोड८२लाखअर्थातकूल बजेटको ४९प्रतिशतविनियोजन गरेको छु ।

आधारभुत स्वास्थ्य सेवाको पहुँचलाई सरल, सहज र प्रभाकारी तुल्याउन संघीय सरकारको साझेदारीमागतआ.ब. देखीनिर्माण भईरहेको१५ शैयाबंगलाचुलीआधारभुत अस्पताल कमिरेचौर, दाङकोमूख्य अस्पताल भवनमाचाहिने सम्पूर्णपूर्वाधार निर्माण, फार्मेसी संचालनतथाव्यवस्थापनकालागिचालु व वर्षमा सघीय सरकारवाट शर्शत कार्यक्रमवाट रू ५ करोड५० लाखविनियोजन गरी गाउँपालिकाको **गौरबको आयोजना**को रूपमाअगाडी बढाउदै चिकित्सक सहितको सेवाको लागिआवश्यक रकमको विनियोजन गरेको छु ।

महिलाहरूको सुत्केरी अवस्थामाहुने पोषण अभावलाई टेवा पर्‍याउन**"स्वस्थआमा र निरोगीबच्चा"**सहितको वालमैत्री स्थानीयशासनको अवधारणा अवलम्बनगर्दै संचालनमा रहेको उपाध्यक्ष प्रसुतीपोषण कार्यक्रमलाई परमार्जनगरी**"प्रसुतीका आमाको लागिसुनौलाहजार दिनकार्यक्रम"**कालागि रकम वृद्धि गरी आवश्यक रकमविनियोजन गरेको छु । स्वास्थ्य सेवामापहुँचविस्तार गर्न तथा सर्वसुलभ स्वास्थ्य सेवाप्राप्तिको हकलाई सुनिश्चित गर्न यस गाउँपालिकामा संचालितनागरिकनिशुल्क स्वास्थ्यविमाकार्यक्रम राष्ट्रिय अभियानलाई आवश्यकसहजीकरण गर्न व्यवस्थामिलाएको छु।

आमा समूह शशक्तीकरणका लागि आवस्यक बजेट व्यवस्था गरेको छु ।

गाउँपालिकामा सञ्चालनमा रहेका वर्थिगंसेन्टर लाई व्यवस्थित गर्न आवस्यक बजेट व्यवस्था र मौजुदा जनशक्तीवाट व्यवस्थापन गर्ने गरी गाउँपालिकाको विकट वडा नं ७र ८ को पायक पर्ने उपयुक्त स्थानमा प्राथमिक स्वास्थ्य सेवा दिन व्यवस्था मिलाएको छु ।।

स्वास्थ्यप्रबर्द्धन कार्यक्रमअन्तरगत स्वास्थ्यकर्मीको परिचालनमाथपप्रभावकारिताल्याउनपारीश्रमिकमा समयानुकुल परिमार्जन गरी बृद्धी गर्न आवश्यक बजेट विनियोजन गरेको छु । महिला स्वास्थ्य स्वयंसेविकाहरूको योगदानको

उच्चमूल्याङ्कनगर्दै खाईपाई आएकोमायातायातखर्च रू ५०० वृद्धि गरेको छु .८ वटै स्वास्थ्य संस्थाहरूमा प्रसुती सेवा संचालनपूर्वाधार निमाणकालागिआवश्यक रकमविनियोजन गरेको छु .

सबै माध्यमिकविद्यालयमा छात्रावासको अवधारणा, विद्यालयको सहजपहुँचको लागि पुराना सबै मा.बि. हरूमा १० जोड २ संचालन, सबै विद्यालयबाट टिनको छानो विस्थापनअभियान, प्रविधिमैत्रीविद्यालय, र विषयगतशिक्षकअभावको अन्त्यगर्नको लागिबंगलाचुली**शैक्षिक सुधार कार्यक्रम**अन्तर्गत४ करोड सत्तरी लाखविनियोजन गरेको छु .।

यस गाउँपालिकाअन्तर्गतकाविद्यालयहरूमाकार्यरत वालविकास सहायककार्यकर्ताको तलबलाई समयानुकुल वृद्धि र वार्षिक रूपमापोषक खर्चको व्यवस्था गरेको छु . गाउँपालिका अन्तरगत सेवा करारमा कार्यरत अन्य कर्मचारीको तलवमा समेत आवस्यक वृद्धि गरी न्युनतम तलव स्केललाइ रु १५००० गरेको छु ।

## सुरक्षित घरः सबैको रहर

सामाजिक समावेशिकरणलाई प्रबर्द्धन गर्दै सुरक्षित आवासको अधिकारको मौलिक हक सुनिश्चित गर्न तथा प्रदेश सरकारको सहकार्यमा गतविगत आ.ब. देखि नै संचालनमा आएको "**खरको छानो मुक्त अभियान**" लाई निरन्तरता दिदै आ.ब. २०७९/०८० मा सबै घरधुरी खरको छानो मुक्त तुल्याउन गाउँपालिकाभित्र थप ४०० भन्दा बढी घरधुरीको लागि रु. **२**करोड बजेट विनियोजन गरेको छु ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

बालमैत्री स्थानीय शासन, महिला उत्थान कार्यक्रम, लक्षित समुदाय कार्यक्रम, जेष्ठ नागरिक तथा सामाजिक सुरक्षाका लागि रु**५७** लाख विनियोजन गरेको छु ।

गणतन्त्र प्राप्तिका लागि गर्नुभएको योगदानको सम्मान तथा सम्झना गर्दै शहिद परिवार, घाइते, अपाङ्ग सहयोग कार्यक्रम तथा शहिद, घाइते तथा बेपत्ता परिवार सम्मानका लागि **रू ११** लाख विनियोजन गरेको छु ।

गत विगत देखि **स्वास्थ्यका लागि खेलकुदः राष्ट्रका लागि खेलकुद** अवधारणामा संचालन हुँदै आएकोवंगालाचुलीकप प्रतियोगितालाई निरन्तरता दिदै युवाहरुका लागि युवा वुवतीको क्षमता विकास आत्मरक्षा खेलकुद तथा युवा स्वरोजगार कार्यक्रमको लागि संचालन तथा गाउँपालिका क्षेत्रभित्रका शहिद परिवार, सम्मान कार्यक्रमको लागि रु १८ लाख विपन्न, महिला, दलित, जनजाती जेष्ठ नागरीक अंगता भएका व्यक्ति क्षमता विकास सशक्तीकरण तथा सम्मानका

लागि १८ लाख ५० हजार रकम विनियोजन गरेको छु । वालमैत्री स्थानीय शासन कार्यक्रमको लागि रु १० लाख विनियोजन गरेको छु।

## गाउँगाउँमा कृषि सेवा: आर्थिक विकासमा टेवा

९५% कृषक भएको यस गाउँपालिकाको भौगोलिक विविधताको उपयोग गर्दै कृषि तथा पशुपालनलाई आधुनिकिकरण र व्यावसायिककरण गर्न **एक वडा एक कृषि पशु पक्षी विकास प्राविधिक कार्यक्रम**का लागि आवश्यक रकम विनियोजन गरेको छु ।यसबाट किसानले वडा तहबाट नै सेवा प्राप्त गरी वाली तथा पशु उपचार,उन्नत पशु तथा कृषि बाली सम्बन्धी परामर्श र बजार व्यवस्थाका लागि सहजिकरण हुन गई खाद्य सुरक्षा तथा निकासीमा वृद्धि हुने विश्वास लिएको छु ।

बहुक्षेत्रीय पोषण कार्यक्रमलाई कृषि प्रणालिसँग आवद्ध गर्न आवश्यक रकम विनियोजन गरेको छु। कृषि तथा पशुपालनका पकेट क्षेत्र विकास एवं विस्तार, र साना किसान सहयोग कार्यक्रम परिचालन गर्न प्रधानमन्त्रि कृषि आधुनिकिकरण परियोजनाका लागि रु. २५ लाख विनियोजन गरेको छु ।

स्थानीय कृषि उद्यमशिलताको विकासका लागि**सिप सँगै सहयोग**का लागि लघुउद्यम विकास कार्यक्रम तर्फ रु. ३२ लाख विनियोजन गरेको छु। **एक स्थानीयतह, एक उत्पादन, अर्गानिक कृषिउत्पादन, श्रममा आधारित युवा रोजगारि सृजना**का लागि युवा रोजगारिका लागि रुपान्तरण पहल परियोजना, प्रधानमन्त्रि रोजगार कार्यक्रमका लागि रु. ७५ लाख विनियोजन गरेको छु ।।

आर्थिक विकास तर्फ जम्मा रु २ करोड ७४ लाख३४ हजार विनियोजन गरेको छु।

## दिगो विकास र संमृद्धिको आधार : पूर्वाधार

"एक घर एक धारा"भन्नेमूल नारालाई साकार पार्न आगामी २ वर्ष भित्रआधारभूतखानेपानीको पहुँच सबै घरधुरीसम्म पुर्‍याउने लक्ष्यलिएको छ ।निकै लामो समय देखीपानीको अभावबाट आक्रान्तगाउँपालिकाविभिन्न वस्तीहरुको लागिसंघ तथाप्रदेश सरकारको लगानीतथा सहकार्यमा पुरा गर्ने तथा सरसफाई अभियानलाई सफलपार्न समपुरकतथा योजनाकालागिआवश्यक रकमविनियोजन गरेको छु ।।

चालुसडकहरूको स्तरोन्नतीर दिगोपनाकालागिपर्यावरणमैत्री सडक तथापुर्वाधार निर्माण योजनाको लागि रू. १ करोड१०लाखविनियोजन गरेको छु ।

लामीदेवालीसिचाँई आयोजनार पाकुरीखोला सिचाई कुलो आयोजनासमपुरक आयोजना अन्तरगतअगाडी बढाउनतथासिचाई प्रणालीलाई थपव्यवस्थित गर्न रू १ करोड ४०लाखविनियोजन गरेको छु ।

भौतिकपूर्वाधार तर्फ जम्मा रू. २ करोड ६०लाखविनियोजन गरेको छु ।

## हरियालीवन,स्वच्छ वातावरणःविपद संवेदनशिलव्यवस्थापन

"चिसो हावा, हरियालि गाउःसबैले घुम्नैपर्ने सुन्दर ठाउँ" भन्ने सोँचलाई साकार पार्न गाउँपालिकाको केन्द्रमा रहेको कमिरेचौर क्षेत्रमा हरयालि पार्क लगायतपर्यटकिय क्षेत्रको निर्माण तथा वृक्षारोपण अभियानका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

सरोकारवाला सवै पक्षको सहभागितामा स्थानीयविपद् जोखिम योजनातथा भु-उपयोग योजनानिर्माणकालागिआवश्यक रकमविनियोजन गरेको छु

वातावरणतथाविपद् व्यवस्थापनतर्फ जम्मा रू. १ करोडरकमविनियोजन गरेको छु ।

निर्मित पूर्वाधारको दिगो व्यवस्थापनको लागि मर्मत सम्भार कोषलाई रू ५० लाखविनियोजन गरेको छु ।

## गणतन्त्रको आधारःस्थानीय सरकार

स्थानीयतहनै गणतन्त्रको आधारशिलाभएकोले यसको समुचितविकासबाट लाभलिन१५ शैय्या अस्पताल, विद्यालयभवनहरू, खेलकुद मैदान, उपकरण खरिद, अनुसन्धानतथाविकास, नागरीक वडापत्र गुनासो पेटिका निर्माण सार्वजनिक सुनुवाई समिक्षा कार्यक्रमन्यायिक समिति संचालनतथाव्यवस्थापन,एम्वुलेन्स सञ्चालन तथा अन्य पूर्वाधार निर्माण मर्मत गर्न र अत्यावस्यक सेवा सुचारु आवस्यक गर्न सवारी साधन खरिद गर्न आवस्यक बजेट व्यवस्था गरेको छु ।टोल विकास संस्था संचालनतथा रेडीयो वंगलाचुली एफ एम सञ्चालन तथा व्यवस्थापन गर्न आवस्यक बजेट व्यवस्था गरेको छु।भने सवै शिक्षक तथा कर्मचारीहरुको मनोवल वढाई सेवा प्रवाहमा सुधार गर्न विभिन्न क्षमताविकास तालिम संगै खाईपाई आएको तलवमा आवस्यक वृद्धिआदिकाकार्यकालागिआवश्यक रकमविनियोजन गरेको छु।

संस्थागतक्षमताविकास तथा सुशासनतर्फ जम्मा रू. २ करोड ३५लाख ८१ हजार विनियोजन गरेको छु।

## अध्यक्षमहोदय,

उल्लेखितनीति, उद्धेश्य,प्राथमिकता र बजेटका आधारमाआ.ब.२०७९/०९०को बजेट सारांशपेश गर्न गईरहेको छु ।पुँजिगततर्फ रू २८ करोड ६१लाख७९हजार (४६प्रतिशत) र चालु तर्फ शिक्षा र स्वास्थ्यको तलबभत्ता, कार्यक्रम,सामाजिक सुरक्षा रकम रू६करोड ५० लाखसहित३४करोड ९३लाख४१हजार (५४प्रतिशत) गरी कुलजम्मा६३ करोड

५५लाख२०हजारबजेट पेश गरेको छु ।तलबभत्ता, कार्यालय संचालनतथाव्यबस्थापनलगायतकाप्रशासनिकखर्च तर्फ रू८करोड अर्थातकुलव्ययअनुमानको १२प्रतिशतमात्रखर्च अनुमान गरेको छु ।

प्रस्तुत बजेट मध्ये नेपाल सरकारको अनुदानबाट रू४५ करोड८४लाख,संघीय राजश्वबाँडफाँडबाट रू **१० करोड ९७**लाख, प्रदेश सरकारको अनुदानबाट  रू. ३ करोड४७लाखप्रदेश राजश्वबाँडफाँडबाट रू **७७**लाखर आन्तरिक राजश्वबाट रू १ करोड५०लाखगतवर्षको मौज्दात १ करोड आयअनुमान गरेको छु ।

कार्यक्रमतथा बजेट यहाँहरू सामु बितरित अनुसूचीमासमाबेश गरेको छु ।.

**अध्यक्षमहोदय**,

सभाका सदस्यज्यूहरू, सचिवलगायतका राष्ट्रसेवककर्मचारीहरू, सञ्चारकर्मी एवं समस्तबंगलाचुलीबासीमहानुभावहरू,

बजेटनिर्माण कार्यमाअहोरात्रखटिई प्रत्यक्ष/अप्रत्यक्षरूपमारचनात्मक सल्लाह, सुझावएवं प्रतिक्रियादिई सहयोग गर्नु भएकोमाहार्दिक धन्यवाद सहित कृतज्ञताव्यक्तगर्दछु ।

बजेटतथाकार्यक्रमकार्यान्वियनमा समेत यहाँहरूको सक्रीय सहभागिताभई"**सबै मिलीजुली, हामी बनाउँछौं हाम्रो बंगलाचुली**" भन्ने मूल नारालाई साकार पारी निर्धारित उद्देश्य प्राप्त गर्न अमूल्य सुझावएवं साथप्राप्तहुने कुरामाविश्वास लिएको छु ।

धन्यवाद !

<u>प्रस्तुतकर्ता</u>
**भक्त बहादुर जि सी**
उपाध्यक्ष
बंगलाचुलीगाउँपालिका
बंगलाचुली, **कमिरेचौर** दाङ

सम्वत् २०७**९** सालअसार **१०**गते रोज **६**शुभम्